# ढकारी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## ढकारी, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## दरखास्त आह्वान सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशन मितिः २०८२/०५/०५)

प्रस्तुत विषयमा यस ढकारी गाउँकार्यपालिका बैठकको मिति २०८२/०५/०५ गतेको निर्णय बमोजिम देहायको पदमा सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण सहित आवेदन बुझाउने गरी दरखास्त आहान गरिएको छ ।

तपसिलः

| क्र. सं | विज्ञापन नं | पद/तह | माग संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्ने छ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने। | १०००/- |

**अवधिः** हाललाई २०८३ असार मसान्त सम्म,कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम**: मनोसामाजिक परामर्शकर्ताको हकमा (लिखित ,अन्तरर्वार्ता र प्रयोगात्मक)

**तलब तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, अनुभव तथा तालिम भए सो सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति, दरखास्त दस्तुर तिरको रसिद साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित ढकारी गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित,अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी,महिला,दलित,जनजाती,मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०८२/०५/१९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

२०८२।५।५

नरेश बहादुर बोहरा
प्रमुख प्रशासकीय अधिकृत

नरेश बहादुर बोहरा
प्रमुख प्रशासकीय अधिकृत